# नेपाल सरकार

## मध्यविन्दु नगरपालिका कार्यालय

**चोरमारा ,नवलपरासी**

मौजुदा सुचि दर्ता गराउने सम्वन्धि सुचना

**प्रथम पटक प्रकाशित मिति २०७३/३/२७**

यस नगरपालिकाको लागि आ.व.०७३/७४ मा आवश्यक पर्ने तपसिल वमोजिमका मालसामान खरिदगर्न सेवा मर्मत,निर्माण परामर्श सेवा,छपाई कार्य गर्ने,सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १८ को उपनियम १ देखि ५ सम्मको प्रयोजनको लागि छुट्टाछुट्टै मौजुदा सूचि (Standing List) तयार गर्नुपर्ने भएकाले सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र फर्म तथा सस्था दर्ता प्रमाणपत्र मु.अ.कर दर्ता प्रमाणपत्र आ.व.०७१/०७२ को कर चुक्ता प्रमाण-पत्र सहित रु १०।- को टिकट टाँसी नियमानुसार निवेदन दर्ता गर्नुहुन सवैको जानकारी लागि यो सार्वजनिक सूचना प्रकाशित गरिएको छ।

| सिं.न | विवरण |
|---|---|
| १ | स्टेशनरी तथा मसलन्द सामानहरु |
| २ | फर्निचर तथा फिक्चर्स,पार्टिसन |
| ३ | सवारी साधन पाटपुर्जा तथा मर्मत सम्वन्धी |
| ४ | ईलेक्ट्रीक उपकरण मर्मत |
| ५ | सस्थागत करार सेवा लिने सम्वन्धमा |
| ६ | सफ्टवेयर निर्माण तथा जडान सम्वन्धी कार्य |
| ७ | कम्प्युटर,फोटोकपी प्रिन्टर तथा विद्युतिय सामान खरिद तथा जडान सम्वन्धी कार्य |
| ८ | निर्माण सम्वन्धि कार्य |
| ९ | अध्ययन /अनुसन्धान तथा परामर्श सम्वन्धी कार्य |
| १० | सुरक्षा तथा सरसफाई सम्वन्धी कार्य |
| ११ | पत्रपत्रिका सम्वन्धी कार्य |
| १२ | अन्य मर्मत सम्भार |
| १३ | विभिन्न फ्लेक्स तथा टिसर्ट,क्याप आपुर्ति सम्वन्धी कार्य |
| १४ | भवन निर्माण तथा मर्मत सम्भार कार्य |
| १५ | विज्ञापन तथा अन्य प्रशासनिक  तालिम सम्वन्धी कार्य गर्ने |
| १६ | श्रब्य/दृष्य डकुमेन्ट्री सम्वन्धी कार्य |
| १७ | तथ्याङ्क तथा विवरण सम्वन्धी कार्य |
| १८ | किताव तथा अन्य प्रकाशन आपुर्ति सम्वन्धी कार्य |

**शर्त तथा अन्य जानकारीहरु**

१ फर्म/सस्था/कम्पनिले जुन कार्य गर्न इजाजत प्राप्त गरेको हो सोही कार्यको लागि मात्र सूचिदर्ता गराउनु पर्नेछ।

२ एक भन्दाबढी कार्यका लागि सूचि दर्ता गराउन चाहानेले छुट्टाछुट्टै निवेदन दर्ता गराउनु पर्नेछ। एउटै निवेदनमा एक भन्दा वढी कार्य उल्लेख गरिएमा त्यस्तो निवेदन अमान्य हुनेछ।

३ म्याद नाघि प्राप्त भएको,माग गरिएका कागजपत्रहरु सलंग्न नभएको वा रिक्त नपुगेको निवेदन उपर कुनै कारवाही गरिने छैन।

४ सम्पर्कको लागि सम्पर्क व्यक्तिको नाम, पत्राचार गर्ने ठेगाना, मोवाईल नं. र टेलिफोन नं. निवेदनमा अनिवार्य रुपमा उल्लेख गर्नु पर्नेछ।

५. प्राप्त निवेदनहरु सुचिकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस मध्यविन्दु न.पा.मा निहित रहनेछ।

६. सूचिकृत भएकाहरुको कार्य संतोषजनक नभएमा सूचीबाट हटाउन सकिनेछ। यस उपर कुनै दावी विरोध गर्न पाईनेछैन।

७. सूचीकृत गरिएका फर्म/संस्था /कम्पनीको नामावली यस नगरपालिकाको सूचना पाटी तथा वेवसाईट www.madhyabindumunicipality.gov.np मा हेर्न सकिनेछ।

यस अनुसार तयार गरिएको सूची आ.व.२०७३/०७४ को लागि मात्र मान्य हुनेछ ।

रामप्रसाद शर्मा
कार्यकारी अधिकृत